"सेवाग्राहीमैत्री नगरपालिका, सुशासन हाम्रो प्रतिबद्धता"

# शंखरापुर नगरपालिका

वडा नं. ..........२.......... को कार्यालय

धारापानी पटाप ......................, काठमाडौं

बागमती प्रदेश, नेपाल

Email: ward2.shankharapurmun@gmail.com

पत्र संख्याः २०८२/०८३

मितिः-

चलानी नं.:

अव्यवस्थित बसोबासी सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना !

मितिः २०८३/०३/२२ ने.सं. ११४६ तछलागा

प्रस्तुत बिषयमा शंखरापुर नगरपालिका वडा नं. २ मा प्रकाशित सूचना अनुसार मिति २०८२/०४/३० देखि २०८२/०६/०५ सम्म वडा नं. २ मा पेश भएका निवेदन अनुसार देहायका व्यक्तिहरुले सो वडाको सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि आबादीमा परिणत भएको जग्गामा कम्तीमा १० (दश) वर्षदेखि आवाद कमोत गरी घर टहरा बनाई बसोबास गरेका र २०७६ माघ २८ पछि आफू र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारको कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको भनी आफूलाई अव्यवस्थित बसोबासीको रुपमा दाबी गरी आफूले आबाद कमोत गर्दै आइरहेको जग्गा पाउन स्थानीय तह मार्फत आयोगमा निवेदन पेश गरेकोले सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । निवेदनमा उल्लेखित बेहोरा संशोधन गर्नु परेमा निवेदक स्वयंले र कुनै उजुर बाजुर वा दाबी विरोध भए जोसुकैले ७ (सात) दिनभित्र (२०८३/०३/२९ सम्म) वडामा प्रमाण सहित निवेदन दर्ता गराउनु हुन वा उजुर गर्न जानकारी गराईन्छ ।

...................

भुवन कुमार बुढा

वडा सचिव

"सेवाग्राहीमैत्री नगरपालिका, सुशासन हाम्रो प्रतिबद्धता"

# शंखरापुर नगरपालिका

वडा नं. ...२... को कार्यालय

धारापानी, पटाप

..........................काठमाडौं

बागमती प्रदेश, नेपाल

Email: ward2.shankharapurmun@gmail.com

पत्र संख्याः २०८२/०८३ मितिः-

चलानी नं.:

भूमिहीन दलित/भूमिहीन सुकुम्बासी सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना !

मितिः २०८३/०३/२२ ने.सं. ११४६ तछलागा

प्रस्तुत विषयमा शंखरापुर नगरपालिका वडा नं. २ बाट प्रकाशित सूचना अनुसार मिति २०८२/०४/३० देखि २०८२/०६/०५ सम्म यस वडा कार्यालयमा पेश भएका निवेदन अनुसार यो वडामा बसोबास गर्ने देहाय अनुसारका व्यक्तिहरुले आफ्नो र आफ्नो परिवारका सदस्यको स्वामित्वमा नेपाल राज्य भित्र जग्गा जमिन नभएको र परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ भएको, विगतमा आफू र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारको कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको तथा मिति २०७६ माघ २८ पछि आफ्नो वा परिवारका कुनै सदस्यको नाममा रहेको जग्गा बिक्रि वा हक हस्तान्तरण नगरेको भनी आफूलाई भूमिहीन दलित/भूमिहीन सुकुम्बासी दाबी गरी जग्गा आवाद कमोत गर्दै आएको स्थानमा वा अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी निःशुल्क जग्गा पाउन स्थानीय तह मार्फत आयोगमा निवेदन पेश गरेकाले सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । निवेदनमा उल्लेखित बेहोरा संशोधन गर्नु परेमा निवेदक स्वयंले र कुनै उजुर बाजुर वा दाबी बिरोध भए जोसुकैले ७ (सात) दिनभित्र (२०८३/०३/२९ सम्म) वडामा प्रमाण सहित निवेदन दर्ता गराउनु हुन वा उजुर गर्न जानकारी गराईन्छ।

..........................

भुवन कुमार बुढा

**वडा सचिव**